परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३५९ पृष्ठ ४ २०८२ असोज २८ गते, मंगलबार 14 October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# गौरीडाँडामा खुला भलिबल प्रतियोगिता असोज २९ देखि सुरु हुने

टक नेपाल

बर्दिबास नगरपालिका-३ स्थित गौरीडाँडामा खुला भलिबल प्रतियोगिताको पहिलो संस्करण यही असोज २९ गतेदेखि सुरु हुने भएको छ। आयोजक गौरीबास युथ क्लबले असोज २९ देखि कार्तिक १ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको अन्तिम तयारी तीव्र बनाएको जनाएको छ।



तिहार तथा छठ पर्वको अवसर पारेर गौरीबास खुलामञ्च परिसरमा आयोजना हुने प्रतियोगितामा दुई विभागीयसहित आठ टिमले नकआउट विधिमा उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा सशस्त्र प्रहरीको मध्य पृतना बाहिनी बर्दिबास माइस्थान, इलाका प्रहरी कार्यालय बर्दिबास, सिन्धुली, सर्लाहीको लालबन्दी, धनुषाको महेन्द्रनगर, महोत्तरीको रामनगर, गौशाला, भंगाहा सीतापुर, र बर्दिबास हातीलेटका टिम सहभागी हुनेछन्।

प्रतियोगिताको उद्घाटन खेल सिन्धुली मल्टिपल क्याम्पस र इलाका प्रहरी कार्यालय बर्दिबासबीच हुनेछ। खेलमा निष्पक्षता कायम गर्न आयोजक गौरीबास युथ क्लबले प्रतियोगितामा भाग नलिने जनाएको छ।

क्लबका अध्यक्ष सुबोध कट्टेलका अनुसार विजेता टिमले ट्रफीसहित नगद १ लाख १ हजार रुपैयाँ, उपविजेताले ५१ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन्। साथै प्रत्येक खेलको अन्त्यमा 'म्यान अफ द म्याच', र प्रतियोगिता समापनमा 'म्यान अफ द सिरिज' लाई पनि नगद पुरस्कार प्रदान गरिने खेल संयोजक दीपक रायमाझीले जानकारी दिनुभयो।

रायमाझीका अनुसार प्रतियोगिताको उद्देश्य स्थानीय युवाबीच आपसी सद्भाव, खेलप्रति रुचि र प्रतिस्पर्धात्मक भावना विकास गर्नु हो। उहाँले खेलकुदले सामाजिक एकता र शान्तिको सन्देश दिने बताउँदै, आगामी वर्ष प्रतियोगितालाई अझ विस्तारित स्वरूपमा आयोजना गर्ने तयारी गरिएको उल्लेख गर्नुभयो।

आयोजक क्लबले स्थानीय निकाय, व्यापारी, तथा समुदायको सहयोगमा खेलमैदान मर्मत, मञ्च सजावट, र व्यवस्थापनका सबै तयारी लगभग पूरा भएको जनाएको छ। उद्घाटन समारोहमा स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी, शिक्षक तथा खेलप्रेमीको उल्लेखनीय उपस्थितिको अपेक्षा गरिएको छ।












परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### शान्ति बिना विकास सम्भव छैन

शान्ति र विकास एक-अर्कासँग अभिन्न रूपमा गाँसिएका छन्। जहाँ शान्ति हुन्छ, त्यहाँ विकास सम्भव हुन्छ; जहाँ अशान्ति छ, त्यहाँ विनाश मात्र रहन्छ। शान्ति समाजमा स्थायित्व र विश्वासको जग बसाल्छ, जसले आर्थिक, सामाजिक र सांस्कृतिक प्रगतिका लागि बाटो खोल्छ।

नेपालले विश्वमै शान्तिपूर्ण देशको पहिचान बनाएको भए पनि आन्तरिक राजनीतिक अस्थिरता, भ्रष्टाचार, असमानता र विभेदका कारण शान्तिको पूर्ण अनुभूति हुन सकेको छैन। परिणामस्वरूप विकासका योजना कागजमै सीमित छन्। शान्ति र सुशासन अभावमा जनताको जीवनस्तर उकासिन सकेको छैन।

युवा पुस्ता आज परिवर्तनको खोजीमा छ। उनीहरू सुशासन, पारदर्शिता र अवसर चाहन्छन्। तर जब असमानता, बेरोजगारी र भ्रष्टाचारले युवाको सपना चकनाचुर गर्छ, तब उनीहरू असन्तुष्ट र विद्रोही बन्न बाध्य हुन्छन्। त्यसैले दीगो शान्तिको आधार युवा सशक्तीकरण, रोजगारी सिर्जना र समान अवसरको सुनिश्चिततामा निहित छ।

शान्ति केवल युद्ध नहुनु होइन, यो न्याय, समानता र सम्मानको अवस्था हो। जब नागरिक स्वतन्त्र, सुरक्षित र आशावादी हुन्छन्, तब विकासका ढोका खुल्छन्। त्यसैले सरकारले असन्तुष्टिको मूल कारण सम्बोधन गर्दै सुशासन र उत्तरदायित्वमा जोड दिन जरुरी छ।

विकासको मूल मन्त्र शान्ति हो। फुटेर होइन, जुटेर अघि बढ्न सके मात्र स्थायी शान्ति र समृद्ध नेपालको सपना साकार हुन्छ। शान्ति र विकास दुवै एकैसाथ अघि बढ्दा मात्र देश उन्नत र सभ्य बन्न सक्छ।

# पूर्वसभामुख कृष्णबहादुर महरा सुन ..............

पूर्वउपप्रधानमन्त्री र पूर्वगृहमन्त्रीसहितका ओहोदामा बसिसकेका महरा चिनियाँ तस्करले भेपमा लुकाएर भित्र्याएको सुन छुटाउन सक्रिय रुपमा लागि पर्दा पनि सरकारले उनीमाथि अनुसन्धान गर्न अवरोध पुऱ्याएको थियो । भेपमा सुन तस्करी/गोदामबाटै चोरी र चोरीसम्बन्धी मुद्दा दायर हुँदा प्रधानमन्त्रीमा माओवादी अध्यक्ष (हाल संयोजक) पुष्पकमल दाहाल र गृहमन्त्रीमा माओवादीकै तत्कालीन वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ थिए । त्यतिबेला मुद्दा दायर गर्न नै प्रहरीलाई अवरोध पुऱ्याइएको थियो ।

त्यसैले सुरुमै अनुसन्धान र अभियोजन हुन सकेन । २७ असार ०८० मा भेपभित्रको सुन चोरीको मुद्दा अदालतसम्म पुग्यो । उक्त अभियोगपत्रमा महराका बाबुछोराले तस्करीको सुन छुटाउन भन्सारका कर्मचारीसहितलाई २ सय ५६ पटक कल गरेको विवरण समेटिएको थियो ।

महराले भेपको सुन छुटाउने प्रयोजनका लागि चिनियाँ तस्कर ली हसङ (भेपमा सुन लिएर दुबईबाट काठमाडौं आएका)सँग ११ पटक सम्पर्क गरेका थिए । सुन तस्कर दाओजिन वाङले पनि महरालाई ११ पटक फोन सम्पर्क गरेका थिए । राहुललाई सुन तस्कर दाओजिन वाङले ६४ पटक र राहुलले दाओजिनलाई १ सय ३१ पटक सम्पर्क गरेका थिए । असिन भनिएका अर्का चिनियाँ तस्करलाई राहुलले ३ पटक सम्पर्क गरेका थिए । राहुलले नै तस्करीमा जोडिएका लोकेन्द्र पौडेललाई ३६ पटक फोन सम्पर्क गरेका थिए ।

सुन तस्करीमा जोडिएकासँग महराको तारन्तार कुरा भएको विषय सार्वजनिक भएपछि उनीहरु अनुसन्धानमा तानिए । त्यतिबेला महराले भेपमा सुन लुकाएर ल्याउने गिरोहका दावाजिन वाङ आफ्नो पुरानै चिनजानको भएको र वाङलाई आफूले फलफूल व्यापारीका रुपमा विगतदेखि नै चिनेको बताउन थाले । उनले विमानस्थलमा भेप छुटाउन पनि आफूले चिनजानका व्यक्तिका लागि भनेर सहजीकरण मात्रै गरेको दाबी गरे ।

**महराका छोरा राहुललाई मुद्दा चलाउने तर बाबुलाई उन्मुक्ति दिने काम कसरी भयो ?**

सुरुमा भेपमा भित्रिएको तस्करीको सुन छुटाउन सुरुबाटै सक्रिय बाबुछोरा दुवैलाई चोख्याएर बाँकीलाई मुद्दा चलाइएको थियो । तर, तस्करहरूसँग तारन्तार सम्पर्क भएको तथ्यहरु बाहिरिन थालेपछि यो विषयमा पनि अनुसन्धान हुनुपर्ने दबाब बढ्यो । भन्सार गोदामबाट भेपमा लुकाइएका सुन चोरीसम्बन्धी कसुरमा अदालतमा मुद्दा पुगेको डेढ महिनापछि पूर्वसभामुख महराका कान्छा छोरा राहुल पक्राउ परे ।ज्यध मष्म ायचकभच कउभबपभच

सीआईबीले १३ भदौ २०८० मा राहुललाई पक्राउ गरी अनुसन्धान अघि बढायो । तर, बाबु महरा भने पक्राउ परेनन् । बरु २७ भदौमा सीआईबीले महरासँग सोधपुछ मात्रै गरेर कागज गराएर छाड्यो । २४ असोज ०८० मा राहुलसहित लोकेन्द्र पौडेल, तिब्बती मूलका बेलजियन नागरिक दावा छिरिङ र अर्का व्यक्ति निमा छिरिङविरुद्ध भन्सार छली र संगठित अपराध कसुरमा ७ वर्षसम्म कैद सजाय माग गर्दै अदालतमा मुद्दा दायर भयो । महरा उम्किए ।

यो विषयमा चौतर्फी आलोचना सुरु भयो । संसद्मा पनि यो विषयले प्रवेश पायो । संगठित सुन तस्करीमा प्रहरीको भूमिका विवादमा तानिएकै पृष्ठभूमिमा सरकारले पूर्वन्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा जाँचबुझ आयोग बनायो । जसले भेपका अलवा 'ब्रेक सु'को आवरणमा भएको सुन तस्करीको घटनासहित समेटेर थप अनुसन्धान गर्नुपर्ने रायसहितको प्रतिवेदन तयार पार्यो । १ चैत०८० मा सरकारलाई बुझाइएको यो प्रतिवेदनमा महरा, उनका छोरा राहुल, पूर्व उपराष्ट्रपति पुनका छोरा दीपेशसहित विभिन्न व्यक्तिहरूमाथि थप अनुसन्धान हुनुपर्ने राय समेटिएको छ ।

**सुन तस्करीमा महरा पक्राउ पर्ने परिस्थिति कसरी बन्यो ?**

भेपमा लुकाएर ल्याएको सुन छुटाउन सुरुबाटै सक्रिय देखिएपनि महरा पहिलो चरणको अनुसन्धानमा तानिएनन् । तर आयोगले प्रतिवेदन बुझाएपछि ५ चैत ०८० मा महरा पक्राउ पर्ने परिस्थिति बन्यो । उनलाई संगठित अपराध र भन्सार छलीसम्बन्धी कसुरमा अनुसन्धान गर्न भन्दै सीआईबीको टोलीले कपिलवस्तुबाट पक्राउ गरेर काठमाडौं ल्यायो । सीआईबीले महरालाई अदालतबाट म्याद थप गरी थप अनुसन्धान अघि बढायो । तर अनुसन्धान सुरु भएको ५ दिन पछि तत्कालीन सरकारकै दबाबमा अनुसन्धान नटुंगिदै ९ चैतमा जिल्ला सरकारी वकिल कार्यालयले उनलाई 'हाजिरी जमानी'मा परिवारको जिम्मा लगायो । अनुसन्धानमा रहेका व्यक्तिलाई बीचमै छाडिएको विषय आलोचित भएपछि तत्कालीन उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले 'राज्यको पनि करुण हुन्छ' भन्दै महरालाई छाडिएको विषयको प्रतिरक्षा गरे । त्यसपछिको करिब डेढ वर्ष महराविरुद्धको अनुसन्धान रोकियो । महरालाई रिहा गरेको करिब ३ महिनापछि पुष्पकमल दाहाल नेतृत्वको सरकार ढल्यो । कांग्रेसको समर्थनमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने । तर, ओलीका पालामा पनि महराविरुद्धको अनुसन्धान अघि बढेन । जेन-जीको आन्दोलन र त्यसपछिको प्रदर्शनपछि बदलिएको सत्ता समीकरणमा सीआईबीले महरालाई २६ असोज (आइतबार) ललितपुरबाट पक्राउ गरी पुरानो मुद्दाको अनुसनधान पुनः अघि बढायो । अहिले महराविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पनि अनुसन्धान भैरहेको छ । अख्तियारले २३ असोजमा महरालाई टंगालस्थित कार्यालयमै बोलाएर बयान लिइसकेको छ ।

**महराविरुद्ध कुन कुन कसुरमा अनुसन्धान भइरहेको छ ?**

सीआईबीले पूर्व सभामुख महराविरुद्ध भन्सार ऐन ०६४ र संगठित अपराध निवारण ऐन ०७० प्रतिकुल काम गरेको कसुरमा अनुसन्धान अघि बढाएको छ । राज्यका उच्च ओहदामा रहेर काम गरिसकेका महराविरुद्ध अख्तियारले भ्रष्टाचार निवारण ऐन ०५९ अनुसार पनि अनुसन्धान गरिरहेको छ । भन्सार ऐन, ०६४ अन्तर्गत सरकारद्वारा जारी आदेशअनुसार 'झिटीगुन्टा' शीर्षकमा महिलाले ५० ग्राम र पुरुषले २५ ग्राम तथा भन्सार शुल्क तिरेर २ सय ग्रामसम्म तयारी सुन ल्याउन पाइन्छ । यसबाहेक हुने सुन कारोबारलाई दण्डनीय मानिन्छ । महराले चिनियाँ तस्करको सुन भन्सारबाट छुटाउन चलखेल गरेका थिए । महराले प्रहरीलाई दिएको सोधपुछ बयानमा पनि तस्कर किटान गरिएका दावाजिन वाङसँग आफ्नो सम्बन्ध/चिनजान पुरानै रहेको स्वीकार गरिसकेका छन् । दावाजिन हाल फरार छन् । उनीविरुद्ध जिल्ला अदालतमा मुद्दा पनि विचाराधीन छ । भन्सार ऐन ०६४ को दफा ५७ मा 'कसैले कुनै मालवस्तु चोरी, निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्रै निकासी-पैठारी गर्न पाउनेमा अन्यत्रबाट निकासी-पैठारी गरेमा कसुर गरेको मानिने' उल्लेख छ । त्यस्तो कसुरमा १ करोडदेखि ३ करोड रुपैयाँसम्मको बिगो कायम भएमा १ देखि ३ वर्षसम्म र त्यसभन्दा माथिको बिगोमा ३ देखि ५ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । जितेन्द्रले तस्करीबाट ल्याएको ४ केजी सुन ४ करोडभन्दा बढीको हो । यो कसुर पुष्टि भए उनीविरुद्ध खुलेको बिगो र ५ वर्षसम्म कैद सजाय हुन सक्छ । महराविरुद्ध सीआईबीले भन्सार ऐन र संगठित अपराधका दफा अन्तर्गत कसुरमा अनुसन्धान गरिरहेको छ । त्यस्तै, संगठित अपराध निवारण ऐन-२०७० को दफा ३ मा 'कसैले संगठित अपराध गर्नु वा गराउनु हुँदैन' भनिएको छ । 'कसैले आपराधिक समूहको लाभका लागि, आपराधिक समूहको निर्देशनमा आपराधिक समूहका तर्फबाट आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक वा सदस्य भई जानीजानी कुनै गम्भीर अपराध गरेमा निजले संगठित अपराध गरेको मानिने' भनिएको छ । चिनियाँ तस्करको नेटवर्कमा रहेर काम गरेको आरोपमा महराविरुद्ध पनि संगठित अपराधको कसुर आकर्षित हुने गरी अनुसन्धान थालिएको छ ।

विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश
फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ । यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ । तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ ।
- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने ।
- आईलिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने ।
- खोट नभएको भन्दा पनि कतै खोट भएको किन्ने ।
- सागपातमा प्वाल परेको जस्तो किन्ने ।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने ।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने ।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने ।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा ।
- सामान्य तरीका भनेको राम्ररी धुने, पकाउने नै हो । तर ओइपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिक मात्रामा रहेको विषादी हटाउन नुनपानिको प्रयोग गर्न सकिन्छ ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र बिहान राम्रोसँग पखाल्ने गर्यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ । उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ ।
कृषी ज्ञान केन्द्र महोत्तरी
जलेश्वर,महोत्तरी

G.T.S. MART GAUTAM TRADE & SUPPLIERS
G.T.S. Mart Bardibas
Gautam trade & Suppliers


हामीकहाँ : दैनिक उपभोग्य सरसफाईका सामानहरू,होटलमा प्रयोग हुने समानहरु र पियपदार्थ पनि उपलब्ध छ ।
नोट: यहाँ हालसेल तथा खुद्रा सामान पाउनुका साथै यस मार्टमा होम डेलेभरी पनि सुविधा छ । मो.९८६३४३३६६७, ९७६३३४२७१७


१ महिना FREE
मात्र वार्षिक रु.८५०० कर सहित बाट सुरु
Dual Band राउटर सहित
Mash को साथ घर भरि WIFI
via TV ३०० च्यानलको मनोरंजन
बर्दिवास शाखाको लागि ९८०११३१४३३ - आजै मौकाको फाईदा लिनुहोस्

# पूर्वसभामुख कृष्णबहादुर महरा सुन तस्करीमा कसरी मुछिए ? ५ प्रश्नोत्तर बुझ्नुहोस्

टक नेपाल



पूर्वसभामुख कृष्णबहादुर महरा आइतबार पक्राउ परेसँगै संगठित सुन तस्करीमा उनी कसरी जोडिए भन्ने विगतबारे चासो बढेको छ। दशक लामो माओवादी 'सशस्त्र द्वन्द्व' मा सक्रिय महरा शान्ति प्रक्रियापछि सधैं राज्यसत्ताको केन्द्रमा रहे । गिरिजाप्रसाद को इराला नेतृत्वमा बनेको अन्तरिम सरकारमा मन्त्री बनेका उनी पछि उपप्रधानसहित अर्थ, गृह, परराष्ट्र जस्ता शक्तिशाली मन्त्रालयहरूको जिम्मेवारीमा पुगे।

पहिलो संविधानसभा निर्वाचनलगत्तै चिनियासँग 'नेपालमा सांसद खरिद बिक्रीका लागि' रकम मागेको भनिएको अडियो नै सार्वजनिक भएपछि विवाद र सन्देहको घेरामा तानिएका महरा जति शक्तिशाली पदमा पुगे पनि विवादबाट अलग हुन सकेनन् । २६ फागुन ०७४ मा प्रतिनिधि सभाको सभामुख बनेका उनी त्यही बेला संसद् सचिवालयमै कार्यरत एक महिलामाथि 'बलात्कार गरेको आरोप'मा मुछिए। बालुवाटार स्थित सभामुख निवासबाटै पक्राउ परे । त्यसपछि महराको राजनीतिक यात्रा सधैं ओरालोतिरै लाग्यो । संगठित सुन तस्करीमा जोडिएपछि भने उनको ओरालो यात्रा तीव्र गतिमा अघि बढ्यो । महरा कसरी सुन तस्करीको प्रकरणमा मुछिए। कसरी राजनीतिक शक्तिबाट जोगिँदा जोगिँदै फेरि पक्राउ परे ? हामीले ५ प्रश्नोत्तरमा बुझाउने प्रयास गरेका छौं।

**महरा मुछिएको भेपमा भएको सुन तस्करी प्रकरण के हो ?**

अन्तर्राष्ट्रिय गिरोहले नेपालमा विभिन्न आवरणमा चलाउने सुन तस्करी धन्दा मध्येको एक हो- भेपमा लुकाएर गरिएको सुन तस्करी । २०७९ पुस १० मा ७३ बट्टामा ७३० वटा भेपमा लुकाएर चिनियाँ तस्करले दुबई हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुन ओसारेका थिए। करिब ९ केजी सुनको मूल्य त्यसबेलाको बजार मूल्यअनुसार साढे ८ करोड रुपैयाँ बराबरको थियो। फ्लाई दुबईको उडान नम्बर एफजेड ०५८७ बाट चिनियाँ राहदानी इजे ६३५००३० बाहकली हसङले २ वटा सुटकेसभित्र लुकाएर ७३ वटा बट्टामा सुन राखिएका भेपसहित काठमाडौं आएका थिए।

काठमाडौं ओर्लिएलगत्तै भेपका रुपमा जाँचपास गराएर चिनियाँ गिरोहका नाइके दावाजिन वाङलाई हस्तान्तरण गर्ने तरखरमा थिए हसङ। तर, सामान शंकास्पद देखिएपछि त्यहीदिन विमानस्थल भन्सार कार्यालयले सामान नियन्त्रणमा लियो । त्यसको केही दिनमै हसङ फरार भए । सुनका मालिक दावाजिन वाङले पूर्व सभामुख महरा र उनका छोरा राहुलमार्फत् भन्सारमा रोकिएका सामान छुटाउन सक्रियता बढाए । त्यसपछि महराका बाबुछोरा दावाजिन वाङको योजनाअनुसार सुन भएका भेप छुटाउन सक्रिय भए । त्यस क्रममा महरा बाबुछोराले भन्सारका कर्मचारीसहित विभिन्न व्यक्ति र चिनियाँ तस्करसमेतलाई विभिन्न समयमा २ सय ५६ पटक फोन सम्पर्क गरेको खुल्यो । भन्सारले भेप नियन्त्रणमा लिएपछि तीन दिन पछि १३ पुसमा महराका बाबुछोराले पालैपालो भन्सारका कर्मचारीलाई फोन गरेर छुटाउन दबाब दिए। तर विमानस्थल भन्सारका तत्कालीन प्रमुख प्रशासक अरुण पोखरेलले टेरेनन्। त्यतिन्जेल भेपमा सुन राखिएको विषय सार्वजनिक भएको थिएन। भेप गोदाममा सिल गरेर राखिएको थियो। पछि भन्सारकै कर्मचारी र बिचौलियासहितको सेटिङमा गोदाममा राखिएका ती भेप चोरी भए। त्यसको ठाउँमा अरु नै भेप राखियो। सुन भएका भेप निकालेर गिरोहले बिक्री गरेको रहस्य खुल्यो। यो कुरा त्यसबेला मात्रै पत्ता लाग्यो, जुन बेला गोदामको सुरक्षार्थ खटिएका एकजना कर्मचारीले सुन भएको भेप घरमा लिएर गएका थिए। घरमा भेप फुटाएर हेर्दा त्यसभित्र सुन भएको पोल खुल्यो।

गोदाममा राखिएका सुन भएका भेप चोरीमा अनुसन्धान गर्न विमानस्थल भन्सारले २६ वैशाख २०८० मा सीआईबीलाई पत्राचार गर्यो। त्यसपछि भन्सारका नासु रेवन्त खड्कासहित विभिन्न व्यक्तिहरू पक्राउ परे । अनि उनै खड्काले प्रहरीसँगको बयानका क्रममा 'गोदाममा सुन भएका भेप भएको सुईंको पाएपछि आफूहरुकै योजनामा सुन भएका भेप निकालेर सक्कली भेप बाहिरबाट ल्याएर गोदाममा राखिदिएको' स्वीकार गरेका थिए। त्यसपछि करिब २ महिना लगाएर सुन भएका भेप चोरीको विषयमा सीआईबीले अनुसन्धान गर्‍यो। अनुसन्धानका क्रममा करिब १ सय ग्राम मात्रै सुन फेला पर्‍यो भने भेपभित्र भएको करिब नौ किलो सुन गायब पारिएको पत्ता लाग्यो। त्यसैका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले २९ असार ०७९ मा जिल्ला अदालतमा मुद्दा दायर गर्‍यो। अनुसन्धानका क्रममा भेपमा भित्रिएको सुन भारत महाराष्ट्रका नन्दकुमार राण्डुराम मर्गलेको भएको खुल्यो। मर्गलेले तस्करीबाट भित्रिएको सुन जोख्न र परीक्षण गर्न न्यूरोडमा कारखाना नै खोलेको पनि पत्ता लाग्यो । योसहित सीआईबी अनुसन्धानका आधारमा मुद्दा सरकारी वकिल कार्यालय हुँदै अदालतसम्म पुग्दा प्रधानमन्त्री पुष्पकमल दाहाल र गृहमन्त्री नारायणकाजी श्रेष्ठ थिए। प्रधानमन्त्री र गृहमन्त्री दुवै माओवादी नेता हुन्। महरा माओवादीकै शीर्ष नेतामध्येकका एक हुन्। सत्ता-शक्ति आडमा महरा र उनका छोरा प्रतिवादी बनेनन्।

**महरा कसरी पुनः अनुसन्धानमा तानिए ?**

भेपमा भएको सुन तस्करी प्रकरणमा पूर्व सभामुख महरा र उनका छोरा राहुलमाथि अनुसन्धान र अभियोजन हुन नदिन सुरुबाटै चलखेल भएको थियो। पूर्वसभामुख, बाकी पष्ठ २......






जि.प्र.का. महोत्तरी दता नं. ५६-२७८-७
जि.हु.का. द.नं. ७-८/८१



# बालेन शाह र सुदन गुरुङविरूद्ध रौतहटमा जाहेरी



● टक नेपाल

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन शाह र 'हामी नेपाल'का संस्थापक सुदन गुरुङविरूद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी परेको छ।

नेकपा एमालेको भातृ सङ्गठन राष्ट्रिय युवा सङ्घ नेपालका नेताहरूले सोमबार उनीहरूविरूद्ध जोहरी दिएका हुन्।

जाहेरीमा दुवै जनामाथि राजनीतिक मर्यादाभन्दा बाहिर गएर युवामाथि आपत्तिजनक अभिव्यक्ति र सामाजिक द्वन्द्व फैलाउने गतिविधि गरेको आरोप लगाइएको छ।

राष्ट्रिय युवा सङ्घका केन्द्रीय सदस्य बजरङ्गी गुप्ता र रौतहट जिल्ला इन्चार्ज सन्तोष साहद्वारा हस्ताक्षरित जाहेरी जिल्ला प्रहरी कार्यालय गौरका मुद्दा फाँटका इन्स्पेक्टर रुद्र कँडेललाई बुझाइएको हो।

यसअघि उनीहरुविरुद्ध काठमाडौँ लगायत अन्य जिल्लामा समेत जोहरी परेको थियो।

## तलब माग्दै

# शिक्षकहरु अनिश्चितकालीन धर्नामा



● टक नेपाल

महोत्तरीको गौशाला नगरपालिका अन्तर्गत रहेको गौशाला बहुमुखी क्याम्पस सञ्चालनमा आर्थिक सहयोग पुऱ्याउने उद्देश्यले शिक्षकहरूले सराहनीय पहल गरेका छन्।

क्याम्पस सञ्चालनमा सहजता ल्याउनका लागि संजय कुमार विमल, श्रवण कुमार महतो, गजेन्द्र महतो, राजन महतो, रामपुकार महतो, विमल कुमार यादव, संजिव चौधरी र जुडीलाल महतोले आफ्नै दुई महिनाको तलब नगरपालिकामार्फत क्याम्पसलाई उपलब्ध गराएका छन्।

शिक्षकहरूको यस सहयोगप्रति गौशाला नगरपालिकाका नगरप्रमुख डा. दिपेन्द्र महतोले हार्दिक धन्यवाद व्यक्त गर्दै भने, "तपाईंहरूको यो उल्लेखनीय योगदानले क्याम्पसको निरन्तरता र शैक्षिक विकासमा महत्वपूर्ण टेवा पुगेको छ।"

नगरप्रमुख महतोले क्याम्पसप्रतिको यस आत्मीयता र समर्पणलाई शिक्षा क्षेत्रप्रति उदाहरणीय योगदानको रूपमा व्याख्या गर्दै, नगरपालिकाको तर्फबाट गहिरो कृतज्ञता र प्रशंसा व्यक्त गरेका छन्।

# एकै रात दुई घरमा चोरी



● टक नेपाल

महोत्तरीको बर्दिवास नगरपालिका-९ पशुपतिनगरमा आइतबार राति एकै रात दुई घरमा चोरी भएको छ।

स्थानीय नथुनी महतो र अलाउदिन अंसारीको घरमा राति करिब १ बजे तिर अज्ञात व्यक्तिहरूले चोरी गरेका हुन्।

महतोको घरबाट करिब २ लाख रुपैयाँ बराबरका सुनका गहना र नगद रकम चोरी भएको बताइएको छ। त्यसैगरी, अंसारीको घरबाट करिब ३ लाख ५० हजार रुपैयाँ नगद तथा करिब ७ लाख रुपैयाँ बराबरका सुनचाँदीका गहना चोरी भएको जनाएको छ।

घटनाको जानकारी पाएपछि प्रहरी निरीक्षक राजेशकुमार बास्तोला नेतृत्वको टोली घटनास्थल पुगेको र अनुसन्धान सुरु गरिएको इलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ।

# चोरीको मोटरसाइकलसहित सात जना पक्राउ

● टक नेपाल

सप्तरीमा चार वटा मोटरसाइकल चोरीको घटनामा संलग्न सात जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार तिलाठी कोइलाडी गाउँपालिका-८, का ललनकुमार दासको टोपा बजारस्थित स्कुल अगाडि पार्क गरी राखिएको स. २ प. ८६५९ नम्बरको सुपर स्पेन्डर मोटरसाइकल असोज १० गते दिउँसो चोरी भएको थियो।

घटनापछि प्रहरीले विभिन्न स्थानमा सञ्चालन गरेको अनुसन्धानका क्रममा चोरीमा संलग्न सात जनालाई पक्राउ गरी उनीहरूबाट चार वटा मोटरसाइकल बरामद गरेको छ। प्रहरीका अनुसार पक्राउ पर्नेहरूमा राजविराज नगरपालिका-१५ का अनिलकुमार यादव, राजनारायण यादव, सचिन यादव, गजेन्द्रकुमार यादव, वार्ड ११ का अजयकुमार यादव, वार्ड १० का शिवनन्दन यादव र जिल्ला उदयपुर बेलका नगरपालिका-९ का गणेशबहादुर विश्वकर्मा रहेका छन्।

प्रहरी नायब उपरीक्षक (प्रनाउ) डम्बरबहादुर पुरीका अनुसार पक्राउ परेका सबै अभियुक्तहरू उपर चोरी मुद्दा दर्ता गरी सप्तरी जिल्ला अदालतबाट म्याद थप लिई आवश्यक अनुसन्धान भइरहेको छ।

अरू भन्दा फरक,सबै भन्दा विश्वस्नीय
WebSurfer
Fiber Internet & Iptv
बर्दिवासमा
नयाँ जडानका लागि
044-550565
9801042026

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014